बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

## सेनेटरी प्याद खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

दरभाउपत्र नं. : BRMNP/078-079/01

प्रथम पटक प्रकाशित : २०७८/०९/१८

यस बौदीकाली गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारीका समयमा निःशुल्क वितरण गर्न सेनेटरी प्याड दरभाउपत्रका मध्यमबाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु :</u>

१. यो सूचना राष्ट्रिय वा स्थानीय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०७८/१०/०२ गतेसम्म कार्यालय समयभित्र रु. १०००/- (अक्षेरुपी एक हजार रुपैया मात्र) यस कार्यालयको राजश्व शाखामा तिरी वा कार्यालयको आन्तरिक राजस्व खाता नं. T104010000009 (राजस्व शिर्षक नं. १४२२९) मा जम्मा गरी सक्कल भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको शिक्षा शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व. ०७७/०७८ सम्मको लागि नवीकरण गरिएको सेनेटरी प्याड विक्री व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोप्राइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०७८/१०/०३ गतेको १२:०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्रको सिलबन्दी खाम बाहिर दरभाउपत्र पेश गरेको कार्यालयको नाम, दरभाउपत्र नं. र कामको विवरण उल्लेख गर्नुपर्नेछ साथै उक्त सिलबन्दी काम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गर्नुपर्नेछ ।

६. दरभाउपत्रदाताले धरौटी वापत रु. २५,०००/- (अक्षेरुपी पच्चीस हजार रुपैया मात्र) बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा ग्लोबल आईएमई बैंक, बुङ्दीकाली शाखामा रहेको ग.३ धरौटी खाता बौदीकाली (खाता नं. T104010000001) मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन (दरभाउपत्र दाखिला गर्ने कम्तिमा अन्तिम दिनबाट) म्याद कायम रहेको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्र साथ संलग्न राखुपर्नेछ । दरभाउपत्र स्वीकृत भएमा कुल कबोल अंक (मु.अ.कर सहित) को ५ प्रतिशत सम्मले नपुग हुने थप धरौटी वापतको रकम माथि उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा सामान आपूर्ति गर्ने अन्तिम अवधिभन्दा घटीमा ३० दिन बढी म्याद कायम रहेको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नुपर्नेछ । बोलपत्र जमानत (Bid Bond) राखेकोमा पछि कार्यसम्पादन जमानतमा परिणत गर्न पाइनेछैन ।

७. दरभाउपत्रको सेनेटरी प्याड खरिदका लागि एउटै BOQ संलग्न हुनेछ । दरभाउपत्रदाताले आफुले कवोल गरेको सेनेटरी प्याडको दररेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

८. दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको वा टिपेक्स लगाएको स्थानमा सहिछाप गरेको हुनुपर्नेछ । साथै दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लगाएको हुनुपर्नेछ । दरभाउपत्र फारामको फोटोकपी गरी पेश गरेको, यस कार्यालयबाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मको नाममा बिक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा तर्फबाट पेश गरेको दररेट अंक र अक्षर दुवैमा नलेखिएको, एक आपसमा मिलेमतो गरी दरभाउपत्र पेश गरेको वा फर्मको तर्फबाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन । साथै म्याद नाघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
९. विल अफ क्वान्टिटिज (BOQ) मा उल्लेखित प्रति इकाई दररेटमा कार्यालयको आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ ।
१०. आपूर्तिकर्ताले खरिदकर्ताको कार्यालय हातासम्म ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु स्वयंले व्यहोर्नुपर्नेछ ।
११. आपूर्तिकर्ताले आपूर्ति गर्ने सेनेटरी प्याडको गुण्स्तर सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ (संशोधन सहित) को अनुसूची १ बमोजिम रहेको भन्ने स्वःघोषणाको लिखित कागजात पेश गर्नुपर्नेछ । साथै सिलबन्दी दरभाउपत्रका साथ आपूर्ति गर्ने सेनेटरी प्याडको नमुना समेत संलग्न राख्नुपर्ने छ । नमुना पेश नगर्ने दरभाउपत्रदाताको दरभाउपत्रलाई मुल्यांकनमा समावेश गरिने छैन । दरभाउपत्रदाताले पेश गरेको नमुना बमोजिमका सेनेटरी प्याडहरु खरिद सम्झौता भए पश्चात सोही गुण्स्तरका सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ । आपूर्ति भईसकेपछि उक्त कार्यविधिको अनुसूची १ बमोजिमको गुण्स्तर रहेको नपाइएमा त्यसको पूर्ण जिम्मेवारी आपूर्तिकर्ताले लिनुपर्नेछ अन्यथा भुक्तानी दाबी गर्न पाइनेछैन ।
१२. आपूर्ति गर्ने सेनेटरी प्याडको मान्य अवधि मिति (Expiry Date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकि भएको हुनुपर्नेछ ।
१३. आपूर्ति हुने सेनेटरी प्याडहरुको प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, तथा ब्याच नं. र निःशुल्क वितरणका लागि भनि उल्लेख भएको हुनुपर्नेछ ।
१४. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१५. कुनै दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्नेछैन ।
१६. दरभाउपत्र स्वीकृत भई यस कार्यालयले तोकेको अवधि भित्र एकैपटक सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गर्ने सेनेटरी प्याडहरुको केहि अंश वा सम्पूर्ण मालसामान बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कारवाही हुनेछ ।
१७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) (ङ) बमोजिम दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
१८. दरभाउपत्रदाताले उपलब्ध गराउने सेनेटरी प्याड स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकारपत्र (Authorization Letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कल अधिकारपत्र (Authorization Letter) पेश गर्नुपर्नेछ ।
१९. यो सूचनामा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

पुनश्च : कार्यालयबाट पूर्ण भुक्तानी हुनु पूर्व उपलब्ध गराइएका सेनेटरी प्याडको गुणस्तर चेक जांच गरिनेछ ।

विस्तृत जानकारीको लागि बौदीकाली गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत